**बडीमालिका नगरपालिका कार्यालयले सञ्चालन गरेको चालु आ.व. २०७३/०७४ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन**

**पृष्ठभूमी**

स्थानीय निकाय स्रोत परिचालन तथा सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम स्थानिय निकायका सम्पूर्ण बर्ग तथा समुदायले स्थानिय निकाय बाट प्रवाह गरीने सेवासुविधाका बारेमा जानकारी गराउने उद्देश्यका साथ नगरपालिकाले प्रतेक आ.व.मा ३/३ (प्रथम चौमासिक, दोस्रोचौमासिक र तेस्रो चौमासिक ) पटक अनिर्वा रुपमा सार्वजनिक सुनुवाई गर्ने अभिपप्रायले यस बडीममालिका नगरपालिकाले पनी यस नितिलाई अवलम्वन गर्दै चालु आ.व.को प्रथम चौमासिक अवधिको सार्वजनीक सुनुवाई सञ्चालन गर्ने कार्यको सुरुवात गरेको छ। नगरपालिकाले प्रवाह गरीने सुवाका बारेमा जनतालाई जानकारी गराई सुसाशन तथा पार्दशीता कायम गर्न सेवाग्राही तथा समुदाय बाट प्राप्त सुझावका आधारमा नगरपालिकाले आगामी दिनमा अवलम्वन गर्ने निति तथा कार्य सम्पादनमा सुशासन कायम गर्न पनी यस सार्वजनिक सुनुवाई कार्यक्रमले सहजता ल्याउने गर्दछ।

यस बडीमालिका नगरपालिकाको प्रथम चौमासीक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्दा अपानाईएका रणनिति तथा योजनाहरु

१. कार्यक्रम सञ्चालन हुनु पूर्व

क.नागरिक प्रतिवेदन ( Citizen Report Card र निर्गम अभिमत Exit Poll ) फाराम तयार गरी सेवाग्राहि मध्यबाट ५० जनालाई उक्त फाराम भर्न लगाईयो ।

ख. Citizen Report Card र निर्गम अभिमत Exit Poll मार्फत आएका गुनासा तथा सुझाव प्रतिवेदन तयार गरियो।

ग. पत्रचार :

घ.राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु।

ङ.योजना उपभोक्ता समितिका अध्यक्ष तथा पदाधिकारीहरु

च.पत्रकार , रडीयो प्रतिनिधिहरु

छ.उद्योगी व्यापारी

ज. वडा नागरिक मञ्चका संयोजक तथा सदस्यहरु

झ. विद्यालय

ञ. सेवाग्राही

ट.महिला

ठ. दलित

कार्यकारी अधिकृत

ड. अपाङ्ग

ढ. जेष्ठ नागरिक

ण.बालबालिका

त.जनजाती

थ. नागरिक समाज

द. नागरिक सचेतनाकेन्द्र

२. कार्यक्रमको थालनी :

१. कार्यक्रम सञ्चालन : मिति २०७३/०९/०८ गते

२. स्थान : मार्तडी बाजुरा

३.सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन: महिला विकास मन्चका श्री कृष्ण दानी ले गर्नु भएको थियो

क. कार्यक्रमको अध्यक्षता : बडीमालिका नगरपालिकाका कार्यकारी अधिकृत श्री प्रदिपचन्द्र सबेदी ज्यू

ख. सार्वजनिक सुनुवा कार्यक्रमको संयोजन तथा उद्धेश्यमाथि छलफल: महिला विकास मन्चका अध्यक्ष श्री जुना दानी ले गर्नु भएको थियो ।

- ✓ स्थानिय निकायबाट उपलब्ध सेवा स्तु र सुविधाका बारेमा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक स्थानमा सेवाग्राहि नागरकिले उठाएका प्रश्नमा स्पसटता ल्याउने र नागरिक बाट सूचनात्मक सुझाव लाईग्रहण गर्ने स्थानिय निकायको सेवाप्रवाह बारे जानकारी गराउने ।
- ✓ दोस्रो सम्वादबाट जिम्मेवार अधिकारी र नागरिक बिचको दुरी कम गरी सेवा बस्तु र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरीत भई स्थानिय निकायमा शुसासनको प्रत्याभुती दिने यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

ग. सार्वजनिक सुनुवाई कार्यक्रमका विषयवस्तुहरु

१. नगरपालिका कार्यलयले प्रवाह गर्ने सेवासुविधाका बारेमा ।

२.गत आ.व.को योजना तथा कार्यक्रमको बारेमा समिक्षाका सम्वन्धमा ।

३. चालु आ.व.को प्रथम चौमासिक अवधिको सम्वन्धमा ।

४.कार्यक्रमवाट आएका सुझाव तथा प्रतिवद्धताका सम्न्धमा ।

५.सार्वजनिक सुनुवाई काइक्रममा पालना गर्नु पर्ने आचार संहिता :

- ✓ सहभागिहरुले बोल्न तथा जिग्यासा राख्दा हात उठाएर संकेत गर्नु पर्ने छ ।
- ✓ सहभागिले प्रश्न वा सुझवा केराख्ने हो पहिले स्पष्ट गर्नु पर्ने छ ।
- ✓ संयोजकले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिग्यासा राख्नु पर्ने छ ।
- ✓ सेवाग्राही सहभागिहरुले धेरैलाई प्रश्न गर्ने समय दिनु पर्ने भएकाले बढी बोल्ने समय नरहने हुदासंयोजकले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुती रोक्नु पर्ने छ ।
- ✓ आफुभन्दा पहिलेका सहभागिले बोलेका कुरा लाइ अर्को सहभागिले दोहोर्याउन आवश्यक हुने छैन ।

कार्यकारी अधिकृत

✓ सहभागिले विना आदार कैप्रति लाछना युक्त भाषा प्रयोग गर्न पाईने छैन ।

✓ सार्वजनिक सुनुवाई विथोल्ने प्रयास कतैबाट भएको पाईएमा सवै सहभागि मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सवैको कर्तव्यहुने छ ।

घ. सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख वक्ताकारुपमा :

- ✓ नगरपालिका कार्यकारी अधिकृत श्री प्रदिपचन्द्र सुवेदी
- ✓ नेपाली काँग्रेस नगरकार्य समिति श्री पदम बडुवाल
- ✓ नेकपा एमाले नगरकमिटी अध्यक्ष श्री बीर बहादुर रावल
- ✓ नेकपा माओवादी केन्द्रका श्री मन बहादुर वि.क. लगायत विभिन्न रजनिति दलका प्रमुख तथा प्रतिनिधिहरु

ङ. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रश्न कर्ता रेडीयो बाजुराका श्री कृष्ण ओलीले गर्नु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रमभा सहभागिको तर्फबाट प्रश्न तथा जिज्ञासुहरुमा यस प्रकार रहेको थिए : १.हर्क बहहादुर बिक ब.न.पा. ४, डबल चदारा ब.न.पा. १,सिता बराल थापा,लक्ष्मी जोशी पण्डित,रम सिह उखेडा,बलभान ऐडी,कला बडुवाल,जया ल्वार , धन बहादुर रोकाया,विर्खराज उपाध्याय, मनी पाध्याय, दुर्गा देवि उपाध्याय, नर बहादुर रावल लगायतका व्यक्तिहरुले समग्रमा दलित, महिला जेष्ठ नागरिक तथा योजनाका बारेमा सवाल उठाउनुका साथै सुभाव समेत राखेका थिए ।

यसरी सञ्चालन भएको एक कार्यक्रमका बिच प्रमुख बक्ता र सहायक बक्तहरुले आआफ्नो जवाफ दिनुकासाथै आगामी दिनमा नगरपालिकाले दिने सेवा सुविधा र कार्यक्रमका बारेमा पूर्णरुपमा जानकारी गराउने समेत प्रतिवद्धता समेत जाहेर गरेका थिए ।

## निस्कर्ष:

यस बडीमालिका नगरपालिकाको प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा महिला विकास मञ्च बाजुराको सम्पूण सहयोगमा महिला विकास मञ्चको बैठक हलमा सञ्चालन भएको उक्त कार्यक्रममा राजनितिक दलका प्रमुख तथा प्रतिनिधी, नागरिक समाज, वडा नागरिक मञ्चका प्रतिनिधी, सेवाग्राही,उपभोक्ता समिति,शिक्षक,कर्मचारी , पत्रकार, उद्योगी लगायत ८६ बढीको सहभागितामा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रम समग्रमा सहता पूर्वक सम्पन्न भएको थियो ।

प्रतिवेदनकर्ता<br>मदन बहादुर दानी<br>बडीमालिका नगरपालिका<br>बाजुरा

कार्यकारी अधिकृत